# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

स्वास्थ्य मन्त्रालयका का.मु. सचिव श्री वासुदेव प्रधान घोषा क्याम्प हस्तान्तरण गरी लिने सिलसिलामा बेलायत जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री सुवर्णजंग राणालाई मिति २०४६।८।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

नरसिंहनारायण सिंह

श्री ५ को सरकारको सचिव

### सूचना २

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रको भ्रमणमा जाने उच्चस्तरीय व्यापार प्रतिनिधिमण्डलको नेतृत्व गरी त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव डा. निधेन्द्रराज शर्मालाई मिति २०४६।८।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका का. मु. सचिव श्री धर्मबहादुर थापा भियतनाममा हुने सेन्टर अन इन्टिग्रेटेड रूरल डेभलपमेन्ट फर एशिया एण्ड पेसिफिक (CIRDAP) को सेमिनारमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री पदमराज सुवेदीलाई मिति २०४६।८।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।



३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री माधवलाल तवदार कन्फरेन्स अन लैण्ड युस प्लानिङ एण्ड मेनेजमेण्ट इन दि एशिया एण्ड पेसिफिक रिजनमा सहभागी हुन अष्ट्रेलियाको ब्रिसवनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रामचन्द्र पौडेललाई मिति २०४६।८।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४६।८।१२ को निर्णयानुसार प्रेस सूचना विभागका शाखा अधिकृत द्वय श्री रामबहादुर पाण्डे र श्री सूर्यप्रसाद सुवेदीले दिनुभएको राजीनामा मिति २०४६।८।११ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला पञ्चायत सचिवालय, रोल्पाको योजना तथा प्रशासकीय अधिकृत पदबाट जिल्ला पञ्चायत सचिवालय, पर्वतको समान पदमा सरुवा हुनुभएका श्री ब्रजनन्दनलाल दासलाई मिति २०४६।३।६ को निर्णयानुसार निजामती सेवा नियमावली, २०२१ को नियम १०.६(३) को कसूरमा सोही नियमावलीको १०.१(५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उप-सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

800

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।